बैठक नं. १०२

आज मितिः२०७८।०५।०८ गतेका दिन यस बाणगंगा नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री मंगल प्रसादं थारु ज्यूको अध्यक्षतामा बसी निम्नानुसारका प्रस्तावहरु माथी छलफल गरि निर्णय गर्न निम्नानुसारका पदाधिकारीहरुको उपस्थिती रहेको छ ।

| क्र.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | मंगल प्रसाद थारु | नगर प्रमुख | |
| २ | चक्रपाणी अर्याल | उप नगर प्रमुख | |
| ३ | बाल कुमारी पन्त | वडाध्यक्ष | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष | |
| ५ | सन्तराम रौतार थारु | वडाध्यक्ष | |
| ६ | गणेश बहादुर क्षेत्री | वडाध्यक्ष | |
| ७ | भिष्मराज भुसाल | वडाध्यक्ष | |
| ८ | सुकदेव थारु | वडाध्यक्ष | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष | |
| १० | गुणानीधि भुसाल | वडाध्यक्ष | |
| ११ | धुव्र बेल्बासे | वडाध्यक्ष | |
| १२ | राम बिहारी चौधरी | वडाध्यक्ष | |
| १३ | सोमनाथ अर्याल | वडाध्यक्ष | |
| १४ | टिका कुमारी अधिकारी | सदस्य | |
| १५ | सरिता देवी ढकाल | सदस्य | |
| १६ | योगनाथ सुनार | सदस्य | |
| १७ | कृष्ण बहादुर वि.क. | सदस्य | |
| १८ | गिता भुसाल | सदस्य | |
| १९ | केशरा गुरुङ | सदस्य | |
| २० | सावित्रा थारु | सदस्य | |
| २१ | पूर्णकला सुनार | संदस्य | |
| २२ | वासुदेव खनाल | सचिव | |

बाणगङ्गा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बाणगङ्गा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

मितिः २०७८।०५।०८

## कार्यपालिका बैठकका प्रस्तावहरु-

१. योजना कार्यान्वयनको तयारी सम्बन्धमा।
२. आन्तरीक आय ठेक्का सम्बन्धमा।
३. बार्षिक समीक्षा सम्बन्धमा।
४. वडाको सिमाना हेरफेर सम्बन्धमा।
५. मर्मत सम्भार सम्बन्धमा।
६. सहकारी खारेज प्रक्रिया सम्बन्धमा।
७. विविध

## निर्णयहरुः-

### निर्णय नं. १

उपभोक्ता समिति मार्फत कार्यान्वयन गरिने योजनाहरुको उपभोक्ता समिति गठन गरी सबै वडाहरुले भाद्र मसान्त भित्र नगरपालिकामा उपलब्ध गराउने असौजको पहिलो हप्ता उपभोक्ता समितिहरुको तालिम संचालन गर्ने र दोस्रो पहिलो हप्ता देखि तेस्रो हप्ता भित्र सबै योजनाहरु सम्झौता प्रक्रिया सम्पन्न गर्ने।

### निर्णय नं. २

क) भौतिक पूर्वाधार उपयोग तथा वातावरण व्यवस्थापन शुल्क वापतको आन्तरीक आय संकलनको लागि मितिः२०७८।०३।१८ ठे.नं.३।०७८।९को सूचना अनुसार पोखरा महानगरपालिका ३१, कास्की ठेगाना रहेको शिवम बिल्डर्स प्रा.लि. ले सबैभन्दा बढी अंक रु.२,३३,९२,१३०।- (भ्याट समेत) कबोल गरेको र ठेक्का स्वीकृतीको आशयको सूचना जारी गरिएको तर आशयको सूचनाको म्याद समाप्त हुनु अगावै र ठेक्का सम्झौताको लागि पत्राचार नगर्दै सो ठेक्का सम्झौता गर्न नसक्ने भनि मितिः २०७८।०४।२९ मा निवेदन पेश गरेकोले ठेक्का प्रतिसपर्धा सिमित हुने गरी ठेक्का छाड्ने र पहिलो बोल कबोल अंक र दोस्रो बोल कबोल अंकको रकमको ठूलो फरक देखिएको र यस्तो क्रियाकलापले आगामी दिनहरुमा नगरपालिकाको आन्तरीक आय व्यवस्थापनमा असर पर्न जान सक्ने देखिएकोले पहिलो अंक बोलकबोल गर्ने श्री शिवम बिल्डर्स प्रा.लि.लाई सचेत गराई निजको धरौटी जफत गरी दोस्रो सबैभन्दा बढी बोल कबोल गर्ने श्री रवि निर्माण सेवालाई सम्झौताको लागि पत्राचार गर्ने।

ख) कवाडी वस्तुको कर संकलनको लागि ठेक्का व्यवस्थापन गर्न मितिः२०७८।०३।१८ मा गरिएको सूचना अनुसार सबैभन्दा बढी बोलकबोल गर्ने श्री प्रमोद निर्माण सेवा दङ्गिशरण-३, दाङलाई मितिः२०७८।०४।१८ मा सम्झौता गर्न आउन पत्राचार गरिएकोमा सो फर्म नियमानुसारको समय सिमाभित्र सम्झौता गर्न नआएकोले उक्त फर्मलाई सचेत गराई निजको धरौटी रकम जफत गरी सबैभन्दा बढी बोलकबोल गर्ने दोस्रो श्री एच.एम. बिल्डर्स बाणगङ्गा नगरपालिका ४ गजेहडालाई सम्झौताको लागि पत्राचार गर्ने।

**निर्णय नं. ३**

यस बाणगङ्गा नगरपालिकाको आर्थिक वर्ष २०७७।०७८ को वार्षिक समीक्षा कार्यक्रम ११ गते ११:०० बजे नगरपालिकाको सभाहलमा गरिने भएकोले आवश्यक तयारी गर्ने।

**निर्णय नं. ४**

मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय लुम्बिनी प्रदेश बुटवलको चलानी नं. १०, मितिः२०७८।०५।०२ को पत्रानुसार वडाको सिमाना हेरफेर सम्बन्धी आवश्यक प्रक्रिया पुरा गरी पठाउन लेखि आएकोले सो सम्बन्धमा राजनीतिक दलहरुसँग समन्वय गर्ने।

**निर्णय न. ५**

यस बाणगङ्गा नगरपालिकाभित्र तत्काल मर्मत नगरि नहुने सडकहरुको मर्मत सम्भार गर्नको लागि नगरमा रहेको मर्मतसम्भार बजेट मध्ये रु.२४ लाख रकम क्षेत्रफल, भौगोलिक विकटता, जनसंख्या र आन्तरीक आम्दानीको आधारमा शुत्रानुसार निम्न बमोजिम मर्मत सम्भार बजेट बिनियोजन गर्ने।

तपसिल

| वडा नं. | रकम | वडा नं. | रकम | वडा नं. | रकम | वडा नं. | रकम |
|---|---|---|---|---|---|---|---|
| १ | १५६००० | ४ | २२६७०० | ७ | १८६१०० | १० | २५९३०० |
| २ | २६८००० | ५ | १७०५०० | ८ | २८५८०० | ११ | २४९८०० |
| ३ | १६९१०० | ६ | १४४००० | ९ | २८४१०० | | |

**निर्णय नं. ६**

डिभिजन सहकारी कार्यालयबाट फाईल हस्तान्तरण भई सकेपछि ३ वर्ष वितिसक्दा समेत निम्नानुसार उल्लेखित सहकारी संस्थाहरूले माषिक बुझाउनुपर्ने प्रगति, वार्षिक लेखा परीक्षण प्रतिवेदन लगाएत संस्थाले नगरपालिकामा पेश गर्नुपर्ने डकुमेन्ट हालसम्म नबुझाएको र नगरपालिकाबाट सबै वडाका सहकारीहरुको अनुगमन गर्न जाँदा ति सहकारीहरु भेटाउन नसकिएकोले संस्था खारेजी प्रक्रिया अगाडी बढाउने।

**तपसिल**

| क्र.स. | सहकारीको नाम | वडा न. | दर्ता नं. र स्थापना मिति |
|---|---|---|---|
| १ | फेवा कृषि सहकारी संस्था लि. | ११ | ५४१।२०७०।०२।१० |
| २ | आकस्मिक कृषि सहकारी संस्था लि. | ११ | ४७०।०६८।०४।२३ |
| ३ | जनक कृषि सहकारी संस्थालि. | ११ | ५०२।०६८।१०।१९ |
| ४ | सामुहिक कृषि सहकारी स. लि. | १ | ६३७।०७२।१२।०१ |
| ५ | त्रिशुल कृषि सहकारी स. लि. | ११ | ६१३।०७२।०४।१० |
| ६ | ओसो कृषि सहकारी संस्था लि. | ११ | १८३।०६५।०१।२४ |
| ७ | पटना महिला कृषि सहकारी स. लि. | १० | ६३५।०७२।११।२६ |
| ८ | परोपकार उपभोक्ता सहकारी संस्था लि. | १० | २६२।०६६।०७।०९ |
| ९ | शहिद स्मृति उपभोक्ता सहकारी संस्था लि. | ३ | ३५९।०६६।०३।०१ |
| १० | कोईली दूध सहकारी सहकारी संस्था लि. | ९ | ४९७।०६८।०९।२४ |
| ११ | सिद्धार्थ मिलिजुली दुध सहकारी स.लि. | ४ | १२३।०६३।०५।०९ |

**निर्णय नं. ७ विविध**

१. बाणगङ्गा नगरपालिका वडा नं. ४ स्थित गजेहडा स्वास्थ्य चौकीमा कार्यरत देविराम पौडेलको अवकास पश्चात निजको स्थानमा १ जना कार्यालय सहयोगीको पद रिक्त भएकोले करार सेवाबाट पदपूर्ती गर्ने।